



अंक ३१-२०८२।०८३।०३

२०८२ मंसिर - पौष


**Statement of patients flow for the month of Kartik 2082**

| OPD | Total Reg | Follow up within 10 days (~25%) | Grand Total |
|---|---|---|---|
| GENERAL PRACTICE & EMERGENCY MEDICINE | **3217** | **804** | **4021** |
| **SPECIAL OPD** | | | |
| ANAESTHESIOLOGY & CRITICAL CARE | 35 | 9 | 44 |
| CARDIOLOGY | 1908 | 477 | 2385 |
| CTVS (CARDIOTHORACIC AND VASCULAR SURGERY) | 194 | 49 | 243 |
| DENTAL | 2064 | 516 | 2580 |
| DERMATOLOGY & VENEROLOGY | 3558 | 890 | 4448 |
| ENT/OTORHINOLARYNGOLOGY AND HEAD & NECK SURGERY | 2686 | 676 | 3358 |
| GASTRO-ENTEROLOGY & HEPATOLOGY | 1194 | 299 | 1493 |
| INTERNAL MEDICINE | 7194 | 1799 | 8993 |
| OBSTETRICS & GYNAECOLOGY | 4908 | 1227 | 6135 |
| OPHTHALMOLOGY | 1336 | 334 | 1670 |
| ORTHOPAEDICS | 4297 | 1074 | 5371 |
| PAEDIATRICS & ADOLESCENT MEDICINE | 2511 | 628 | 3139 |
| PSYCHIATRY | 1811 | 453 | 2264 |
| PULMONARY, CRITICAL CARE & SLEEP MEDICINE | 970 | 243 | 1213 |
| SURGERY | 4313 | 1078 | 5391 |
| SURGICAL GASTROENTEROLOGY | 165 | 41 | 206 |
| OTHER DEPARTMENT in Midas software (Come for investigation purpose only) | 749 | 187 | 936 |
| **Sub Total** | **39893** | **9973** | **49866** |
| **EMERGENCY** | | | |
| CENTRAL | 3144 | 0 | 3144 |
| GYNAE /OBSTETRICS | 859 | 0 | 859 |
| PAEDIATRIC | 1607 | 0 | 1607 |
| **Sub Total** | **5610** | 0 | **5610** |
| **Grand Total :** | **48720** | **10778** | **59498** |
| Paying (EHS) | 3075 | | |
| Nepal Govt Social Insurance | 28440 | | |
| Other Scheme | 17205 | | |
| **Ward IPD** | **5227** | | |
| *ICU/CCU/PCCU/IMCCU/SICU* | **239** | | |
| *NICU/PICU/MICU/Nursery* | **123** | | |
| *Dialysis* | **1942** | | |

***Source: Hospital Administration***
***Prepared by Information and Communication Center***

# माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीज्यूबाट प्रतिष्ठानको औपचारिक भ्रमण सम्पन्न



वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानकी सहकुलपति तथा माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री डा. सुधा शर्मा गौतमज्यूले २०८२ मंसिर १६ गते मंगलबारका दिन प्रतिष्ठानको औपचारिक रुपमा अवलोकन तथा निरिक्षण भ्रमण गर्नुभएको छ । वहाँ लगायत वहाँसँगै पाल्नु भएका स्वास्थ्य सचिव डा. विकास देवकोटाज्यू, कोशी प्रदेश स्वास्थ्य मन्त्रालयका प्रदेश सचिव डा. यदुचन्द्र घिमिरेज्यू, कोशी प्रदेश आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशक डा. सुरेश मेहेताज्यू लगायत अन्य महानुभावहरुलाई प्रतिष्ठानको उपकुलपति कार्यालय प्राङ्गणमा प्रतिष्ठानका उपकुलपति प्रा.डा. बिक्रम प्रसाद श्रेष्ठज्यू, शिक्षाध्यक्ष प्रा.डा. संजिव कुमार शर्माज्यू, रजिष्ट्रार प्रा.डा. सूर्य प्रसाद संग्रौलाज्यू, अस्पताल निर्देशक डा. जगत नारायण प्रसादज्यू, डीनद्वय प्रा.डा. शिवेन्द्र झा, प्रा.डा. कृष्णा पाखरेल लगायतले फूल तथा खादाले स्वागत गर्नुभएको थियो ।



स्वागत पश्चात् प्रतिष्ठानका तर्फबाट उपकुलपति कार्यालयको बैठक कक्षमा एक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो जसमा माननीय मन्त्रीज्यू लगायत वहाँसँग पाल्नुभएका विशिष्ट महानुभावहरुका साथै प्रतिष्ठानका तर्फबाट पदाधिकारीज्यूहरु, सिनेट सदस्यज्यूहरु, का.स. सदस्यज्यूहरु, डीनहरु, स्कूल/कलेजका चिफहरु, विभाग/महाशाखा/शाखाका प्रमुखहरु, शिक्षक तथा कर्मचारीहरु, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रतिनिधीहरु साथ साथै पत्रकारहरुको उपस्थिति रहेको थियो ।

## Statement of patients flow for the month of Mangsir 2082

| OPD | Total Reg | Follow up within 10 days (~25%) | Grand Total |
|---|---|---|---|
| GENERAL PRACTICE & EMERGENCY MEDICINE | **3619** | **905** | **4524** |
| **SPECIAL OPD** | | | |
| ANAESTHESIOLOGY & CRITICAL CARE | 35 | 9 | 44 |
| CARDIOLOGY | 2334 | 584 | 2918 |
| CTVS (CARDIOTHORACIC AND VASCULAR SURGERY) | 247 | 62 | 309 |
| DENTAL | 2463 | 616 | 3079 |
| DERMATOLOGY & VENEROLOGY | 3922 | 981 | 4903 |
| ENT/OTORHINOLARYNGOLOGY AND HEAD & NECK SURGERY | 3156 | 789 | 3945 |
| GASTRO-ENTEROLOGY & HEPATOLOGY | 1930 | 458 | 2288 |
| INTERNAL MEDICINE | 8975 | 2244 | 11219 |
| OBSTETRICS & GYNAECOLOGY | 5899 | 1475 | 7374 |
| OPHTHALMOLOGY | 1615 | 404 | 2019 |
| ORTHOPAEDICS | 5253 | 1313 | 6566 |
| PAEDIATRICS & ADOLESCENT MEDICINE | 3349 | 837 | 4186 |
| PSYCHIATRY | 1973 | 493 | 2466 |
| PULMONARY, CRITICAL CARE & SLEEP MEDICINE | 1198 | 300 | 1498 |
| SURGERY | 5266 | 1317 | 6583 |
| SURGICAL GASTROENTEROLOGY | 169 | 42 | 211 |
| OTHER DEPARTMENT in Midas software (Come for investigation purpose only) | 854 | 214 | 1063 |
| **Sub Total** | **48538** | **12135** | **60673** |
| **EMRGENCY** | | | |
| CENTRAL | 2805 | 0 | 2805 |
| GYNAE /OBSTETRICS | 837 | 0 | 837 |
| PAEDIATRIC | 1333 | 0 | 1333 |
| **Sub Total** | **4975** | 0 | **4975** |
| **Grand Total :** | **57132** | **13039** | **70171** |
| Paying (EHS) | 3484 | | |
| Nepal Govt Social Insurance | 34525 | | |
| Other Scheme | 19123 | | |
| **Ward IPD** | **5624** | | |
| *ICU/CCU/PCCU/IMCCU/SICU* | **230** | | |
| *NICU/PICU/MICU/Nursery* | **126** | | |
| *Dialysis* | **1979** | | |

***Source: Hospital Administration***
***Prepared by Information and Communication Center***

## हार्दिक अनुरोध

समाचारजन्य जानकारी, कार्यक्रम, स्वास्थ्य सम्बन्धी लेख, रचना आदि सूचना तथा संचार केन्द्रमा उपलब्ध गराई दिनुहुन सम्पूर्ण शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थीवर्ग एवम् सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछौं । कृपया आफ्ना सामाग्रीहरुकोSoft copy पठाउँदा Kantipur Font मा पठाई दिनुहुन पनि अनुरोध गर्दछौं । विशेष कारणबस सेरोफेरोको गत मंसिर महिनाको अंक समयमा प्रकाशन गर्न नसकिएकोले यहाँहरु समक्ष क्षमाप्रार्थी छौं ।

- सूचना तथा सञ्चार केन्द्र

अन्तर्क्रिया कार्यक्रम भन्दा अघि माननीय मन्त्रीज्यूले उपस्थित पत्रकारहरुलाई धन्यवाद सहित सम्बोधन गर्दै प्रतिष्ठानको सिनेट मिटिङ्ग गर्नुपर्ने अवस्था रहेको र सो को पूर्व तयारीको सन्दर्भमा यहाँको वस्तुस्थिति तथा समस्याहरु प्रत्यक्ष रुपमा हेर्दा सो बारे छलफल गरी निर्णय गर्न सजिलो हुने महशुस गरी आफु आएको बताउनु भयो । सँगसँगै, यहाँ कार्यरत शिक्षक, कर्मचारीहरुको काम गर्ने वातावरण र वहाँहरुको पिर, मार्का, काम गर्दा आइपर्ने अप्ठ्याराहरु आदिका विषयमा प्रत्यक्ष रुपमा हेर्न बुझ्न समेत आफु आएको बारे माननीय मन्त्रीज्यूले बताउनु भयो ।



वहाँले, जेन-जी आन्दोलन पश्चात् बनेको यो सरकारको भष्ट्रचारमुक्त देश बनाउनु र देश सञ्चालनका प्रणालीहरु सुधार गर्नु नै प्रमुख प्राथामिकता रहेको बारे बताउँदै आफु त्यसै सन्दर्भमा देशभरीका विभिन्न अस्पतालको निरिक्षण गर्दै त्यहाँबाट प्रवाह हुने सेवाहरु जनताका लागि सहज प्रकारको बनाउन के कसो गर्न सकिन्छ भन्ने उद्देश्यले हेर्दै यहाँ आएको बताउनु भयो ।

पत्रकारहरुलाई माननीय मन्त्रीज्यूको सम्बोधन समाप्ती पश्चात् वहाँहरु फर्कनु भएसँगै अन्तर्क्रिया कार्यक्रमको शुरुवात परिचयात्मक कार्यक्रमबाट भएको थियो । परिचयात्मक कार्यक्रम पश्चात् प्रतिष्ठानका उपकूलपतिज्यूले प्रतिष्ठानको वस्तुस्थिति बारे प्रस्तुतिकरण दिनुभएको थियो भने सो प्रस्तुतिकरणको केहि शिर्षकहरुमा मन्त्रीज्यूले राख्नु भएको जिज्ञासाहरुका बारेमा उपकुलपतिज्यू लगायत आ-आफ्नो क्षेत्र अनुसार शिक्षाध्यक्षज्यू, रजिष्ट्रारज्यू, अस्पताल निर्देशकज्यू तथा डीन (शैक्षिक) ले समेत प्रष्ट्याउनु भएको थियो । उक्त कार्यक्रममा उपस्थित केहि विभागीय प्रमुखहरुले आफ्नो विभागीय समस्याहरुका बारेमा समेत माननीय मन्त्रीज्यूलाई अवगत गराउनु भएको थियो ।



कार्यक्रमको अन्त्यमा उपकुलपतिज्यूले प्रतिष्ठानको भ्रमणका लागि माननीय मन्त्रीज्यू, सचिवज्यू लगायत सम्पुर्णलाई धन्यवाद दिनुभएको थियो भने वहाँहरुले कार्यक्रम पश्चात् उपकुलपतिज्यूको अनुरोधमा उपकुलपति कार्यलयमा रहेको उपस्थिति पुस्तिकामा आफ्नो संदेश सहित हस्ताक्षर गर्नुभएको थियो ।



त्यसैगरी, २०८२ मसिंर १७ गते बिहान माननीय मन्त्रीज्यू, स्वास्थ्य सचिवज्यू, प्रतिष्ठानका पदाधिकारीज्यू लगायतले प्रतिष्ठानको एम्सिएच् भवनको अवलोकन तथा निरिक्षण भ्रमण गर्नुभएको थियो ।

भवनको निरिक्षण पश्चात् उक्त भवनलाई सञ्चालनमा ल्याउन आवश्यक पर्ने सहयोगका लागि मन्त्रालय सदैव तयार रहेको बारे माननीय मन्त्रीज्यूले प्रतिष्ठानका पदाधिकारीज्यूहरुलाई आश्वस्त पार्नुभयो ।

## प्रतिष्ठान र श्री बालाजी विद्यापिठ विश्वविद्यालय बिच समझदारीपत्रमा हस्ताक्षर



राष्ट्रिय, अन्तर्राष्ट्रिय स्वास्थ्य संस्थाहरुसँग सहयोग आदान प्रदान गर्ने, मैत्री बढाउने प्रतिष्ठानको नीति विगत देखि नै रहँदै आएको छ । सोही अनुरुप मिति २०८२ मंसिर २५ गते तद्नुसार ११ डिसेम्बर, २०२५ मा प्रतिष्ठान र छिमेकी राष्ट्र भारतको पोंडीचेरी राज्यमा अवस्थित श्री बालाजी विद्यापिठ विश्वविद्यालय बिच आपसी सहयोग आदान प्रदान सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) मा हस्ताक्षर भएको छ ।



चिकित्सा शिक्षाका यी दुई शिक्षण संस्थाहरु बिच शैक्षिक सहयोग, सांस्कृतिक आदान प्रदान, पारस्परिक समृद्धीका लागि सहयोगी गतिविधिहरु सञ्चालन गर्ने, शिक्षक तथा विद्यार्थीहरु आदान प्रदान गर्ने, संयुक्त रुपमा अनुसन्धान परियोजनाहरु सञ्चालन गर्नुका साथै अनुसन्धानको नैतिकता, चिकित्सा शिक्षाको नविनतालाई साझा मुल्य मान्यता बनाई प्रवर्द्धन गर्ने, निरन्तर चिकित्सा शिक्षा जस्ता कार्यक्रमहरुलाई प्रोत्साहन गर्ने लगायतका उद्देश्यका साथ गरिएको उक्त समझदारीबाट दुवै संस्थाहरु लाभान्वित हुने विश्वास लिइएको छ ।

प्रतिष्ठानको उपकुलपति कार्यलयको बैठक कक्षमा सम्पन्न उक्त हस्ताक्षर कार्यक्रममा प्रतिष्ठानका तर्फबाट निमित्त उपकुलपति तथा शिक्षाध्यक्ष प्रा.डा. संजिव कुमार शर्माज्यू, तात्कालिन डीन प्रा.डा. शिवेन्द्र झा, सहायक डीन डा. वीम्मी सिंह तथा एनाटोमी विभागका एडिसनल प्रोफेसर डा. संदिप साहको उपस्थिति रहेको थियो भने श्री बालाजी विद्यापिठ विश्वविद्यालयका तर्फबाट Institute of Health Professions Education (IHPE) की निर्देशक प्रा.डा. एम. शिवाशक्तिज्यूको उपस्थिति रहेको थियो ।



त्यसका साथै, सो विश्वविद्यालयका तर्फबाट उपकुलपति प्रा.डा. एन. आर. विश्वासज्यू लगायत अन्य पदाधिकारीहरु भर्चुअल रुपमा उपस्थित हुनुहुन्थ्यो । डा. संदिप साह उक्त विश्वविद्यालयको पूर्व विद्यार्थी रहनु भएको र वहाँले यस कार्यमा सहजकर्ताको भूमिका निभाउनु भएको थियो ।



उक्त समझदारीपत्रमा प्रतिष्ठानका तर्फबाट निमित्त उपकुलपति तथा शिक्षाध्यक्ष प्रा.डा. संजिव कुमार शर्माज्यू र श्री बालाजी विद्यापिठ विश्वविद्यालयका तर्फबाट रजिष्ट्रार प्रा.डा. श्रीनिवासनले हस्ताक्षर गर्नुभएको छ । सो समझदारीपत्रमा साक्षीका रुपमा प्रतिष्ठानका तर्फबाट तत्कालिन डीन प्रा.डा. शिवेन्द्र झाले र विद्यापिठका तर्फबाट प्रा.डा. एम. शिवाशक्तिले हस्ताक्षर गर्नुभएको थियो ।

## प्रतिष्ठानको सञ्चालक परिषद्को ४७औं सभा सफलतापुर्वक सम्पन्न



वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानकी सहकुलपति माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री डा. सुधा शर्मा गौतमज्यूको अध्यक्षतामा प्रतिष्ठानको सञ्चालक परिषद्को ४७औं सभा गत २०८२ पौष १८ गते शुक्रबारका दिन काठमाडौंमा सफलतापुर्वक सम्पन्न भएको छ । सभाका अध्यक्ष लगायत उपस्थित सभासद् एवम् आमन्त्रित महानुभावहरुको आसन ग्रहण पश्चात् सभा अध्यक्षज्यूले प्रतिष्ठानका उपकुलपति तथा सभाका सदस्य-सचिव प्रा.डा. बिक्रम प्रसाद श्रेष्ठज्यूलाई बैठक प्रारम्भ गर्नका लागि अनुमति प्रदान गर्नुभई शुरु भएको उक्त सभामा प्रस्तावित विविध विषयहरु उपर सकारात्मक निर्णय गर्दै भव्यताका साथ सम्पन्न भएको छ ।



सभाको प्रारम्भमा उपकुलपति प्रा.डा. श्रेष्ठज्यूले उपस्थित सम्पुर्णलाई स्वागत मन्तव्य राख्दै समग्रमा प्रतिष्ठानको संक्षिप्त प्रतिवेदन प्रस्तुत गर्नुभएको

थियो । तत्पश्चात् शिक्षाध्यक्ष प्रा.डा. संजिव कुमार शर्माज्यूले प्रतिष्ठानको शैक्षिक तथा अनुसन्धानात्मक कार्यहरु सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने रजिष्ट्रार प्रा.डा. सूर्य प्रसाद संग्रौलाज्यूले विस्तृत रुपमा प्रतिष्ठानको आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । त्यसैगरी, अस्पताल निर्देशक डा. जगत नारायण प्रसादज्यूले प्रतिष्ठानको अस्पताल सेवा सम्बन्धी विस्तृत प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

प्रतिष्ठानका पदाधिकारीज्यूहरुको प्रतिवेदन प्रस्तुती पश्चात् प्रस्तावित विषयवस्तु उपर क्रमशः छलफल प्रारम्भ भएको थियो । विस्तृत एवम् गहन छलफल पश्चात् सभामा प्रस्तुत गरिएका प्राय अधिकांश प्रस्तावहरुलाई सकारात्मक रुपमा लिइंदै पारित गरिएको थियो ।



सभाको अन्त्यमा, उपकुलपतिज्यूले महत्वपुर्ण एवम् सहभागितामुलक उपस्थितिका साथ सभालाई सफल तुल्याइदिनु भएकोमा सम्पुर्ण सभासद्हरुलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरुमा पनि यसरी नै सबैको साथ र सहयोग रहिरहने अपेक्षा व्यक्त गर्नुभयो । तत्पश्चात् सभाध्यक्ष एवम् प्रतिष्ठानका सहकुलपति माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीज्यूले सक्रिय उपस्थितिका लागि सम्पूर्ण सभासद्हरुलाई धन्यवाद दिनुभयो । वहाँले प्रतिष्ठानको सर्वोपरी हितका लागि सबैको हातेमालोको आवश्यकता रहेको बताउँदै नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय त्यसका लागि सदैव तत्पर रहँदैं आएको र भविष्यमा पनि रहिरहने विश्वास दिलाउनु भयो । वहाँले प्रतिष्ठानको सर्वाङ्गिण विकासका लागि प्रतिष्ठानका पदाधिकारीहरु सधै प्रयासरत रहेको र आगामी दिनहरुमा पनि संस्थागत विकासका लागि समर्पित भई लागिरहन निर्देशन दिँदै सञ्चालक परिषद्को ४७औं सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

## प्रतिष्ठानको फार्मेसी सेवा पुनः सञ्चालनमा ल्याइयो



विभिन्न कारणले केहि समयदेखि बन्द रहेको प्रतिष्ठानको फार्मेसी सेवा पुनः सञ्चालनमा ल्याइएको छ । प्रतिष्ठानमा आउने बिरामीहरुलाई सुलभ तथा सुपथ मुल्यमा औषधी उपलब्ध गराउने उद्देश्यका साथ २०८२ पौष ११ गते शुक्रबारदेखि प्रतिष्ठानको फार्मेसी सञ्चालनमा ल्याइएको छ । प्रतिष्ठानका उपकुलपति प्रा.डा. बिक्रम प्रसाद श्रेष्ठज्यू, शिक्षाध्यक्ष प्रा.डा. संजिव कुमार शर्माज्यू, रजिष्ट्रार प्रा.डा. सूर्य प्रसाद संग्रौलाज्यू, अस्पताल निर्देशक डा. जगत नारायण प्रसादज्यूले संयुक्त रुपमा सटर खोलेर विधिवत रुपमा फार्मेसी पुनः सञ्चालनमा ल्याइएको हो । नेपाल सरकारको स्वास्थ्य बीमामा आबद्ध सबै सेवाग्राहीले समेत उक्त फार्मेसीबाट नियमानुसारको औषधी प्राप्त गर्न सकिने छ ।



फार्मेसी सुव्यवस्थित रुपमा सञ्चालन गर्ने उद्देश्यले उपकुलपतिज्यूले ६ सदस्यीय अस्पताल फार्मेसी संचालन समितिको पुनर्गठन गर्नुभएको छ । डेपुटी अस्पताल निर्देशक डा. इन्द्र लिम्बूको संयोजकत्वमा गठित उक्त समितिले फार्मेसीको सम्पूर्ण क्रियाकलापको सुपरिवेक्षण तथा निगरानी गर्नेछ ।

उक्त फार्मेसीमा सुलभ तथा सुपथ मुल्यमा औषधीहरु पाइने हुँदा प्रतिष्ठानमा उपचारका लागि आउने सम्पुर्ण बिरामी वर्गका साथै प्रतिष्ठानका शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थीहरुलाई यसै फार्मेसीमा औषधी खरिद गरिदिनु हुन अनुरोध गरिन्छ ।

## प्रतिष्ठानको मोबाइल एपको परिमार्जित संस्करण सार्वजनिक गरियो




नयाँ संस्करण मार्फत सेवाग्राहीलाई अझ सहज, छिटो तथा पारदर्शी सेवा प्रदान गर्ने उद्देश्य राखी प्रतिष्ठानको BPKIHS मोबाइल एपको परिमार्जित संस्करण सञ्चालनमा ल्याइएको छ । यस संस्करण अनुसार अब बिरामीहरूले अनलाइन माध्यमबाट प्रतिष्ठानको तर्फबाट जारी हुने ओपीडी टिकट काट्ने तथा फलोअप ओपीडी दर्ता गर्नसक्ने व्यवस्था गरिएको छ । यसरी अनलाइन ओपीडी दर्ता गरेका बिरामीहरूलाई

ओपीडी टोकन प्रणाली र बिलिङ्ग सेवामा समेत प्राथमिकता दिइने छ ।

सेवाग्राहीले उक्त सेवा उपयोग गर्न चाहेमा सर्वप्रथम एन्ड्रोइड मोबाइल फोनको प्ले स्टोरबाट BPKIHs App डाउनलोड गर्नुपर्नेछ भने उक्त एपको माध्यमबाट त्यहाँ राखिएको साप्ताहिक ओपीडी तालिका हेरि आफुले देखाउन चाहेको ओपीडी तथा चिकित्सक छनौट गरी अनलाइन ओपीडी दर्ता गर्नसकिने छ । यसरी अनलाइन काटिएको टिकट भने आफुले देखाउन चाहेको ओपीडीबाट सोझै प्राप्त गर्नसकिने छ । ओपीडीमा पहिलो २० नम्बरसम्मको टोकन अनलाइनबाट ओपीडी टिकट काट्नेहरुका लागि सुरक्षित गरिएको हुन्छ । तत्पश्चात्को टोकन मात्र काउण्टरबाट टिकट काट्नुहुने सेवाग्राहीका लागि हुनेछ । त्यसैगरी, अनलाइन दर्ता गर्ने सेवाग्राहीलाई बील काउण्टरमा समेत प्राथमिकता दिइनेछ । यस व्यवस्थाले ओपीडी तथा अन्य सेवाहरूमा भीड व्यवस्थापन र समय व्यवस्थापनमा उल्लेख्य सहयोग पुग्नेछ भने सेवाग्राहीले घण्टौं लाइनमा बसेर टिकट काट्नुपर्ने, चिकित्सकको पालो कुर्नुपर्ने जस्तो झन्झटबाट राहत महशुस गर्ने अपेक्षा गरिएको छ ।

हालको प्रारम्भिक चरणमा प्रत्येक विभागका लागि दैनिक २० जना बिरामीको अनलाइन ओपीडी दर्ता संख्या निर्धारण गरिएको छ भने सेवाग्राहीको माग, प्रणालीको कार्यक्षमता तथा प्रयोग अनुभवका आधारमा उक्त संख्या क्रमशः वृद्धि गर्दै लगिने छ । यसका साथै, आगामी दिनहरुमा प्रयोगशाला तथा रेडियोलोजी सेवाका रिपोर्टहरू उक्त एप मार्फत नै हेर्न तथा प्रिन्ट गर्नसकिने जस्ता थप सेवाहरू समेत सञ्चालनमा ल्याउने तयारी भइरहेको छ । त्यस्तै, पेयिङ्गमा देखाउन चाहने सेवाग्राहीलाई विस्तारित अस्पताल सेवा (EHS) ओपीडी दर्ता समेत एप मार्फत नै गर्नसकिने सुविधा थपिनेछ ।

त्यसैगरी, स्वास्थ्य बीमा ओपीडी दर्तालाई पनि एप मार्फत सञ्चालन गर्न स्वास्थ्य बीमा बोर्डबाट आवश्यक API स्रोत प्राप्त गर्ने कार्य हाल प्रक्रियामा रहेको छ । उक्त प्रक्रिया पूरा भए पश्चात् सो सेवा पनि क्रमशः सञ्चालनमा ल्याइनेछ । अतः सम्पूर्ण सेवाग्राहीहरूलाई उक्त मोबाइल एपको अधिकतम उपयोग गर्न गराउन प्रतिष्ठान हार्दिक अनुरोध गर्दछ ।

उक्त एपको प्रयोग कसरी गर्ने भन्ने बारेको Demo Video प्रतिष्ठानको आधिकारिक Facebook Page मा उपलब्ध गराइएको छ ।

## प्रतिष्ठानको महत्वपूर्ण पदहरुमा मनोनयन तथा नियुक्ती

प्रतिष्ठानको केही महत्वपूर्ण पदहरुमा मनोनयन तथा नियुक्ती भएको छ । प्रतिष्ठानको ऐन, २०४९ को दफा ७ मा भएको व्यवस्था बमोजिम उपकुलपति प्रा.डा. बिक्रम प्रसाद श्रेष्ठज्यूको सिफारिसमा प्रतिष्ठानकी सहकुलपति स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री डा. सुधा शर्माज्यूले प्रतिष्ठानका भूतपूर्व उपकुलपति प्रा.डा. शेखर कोइरालाज्यू, प्रतिष्ठानको जेनरल सर्जरी विभागका विभागीय प्रमुख प्रा.डा. सुरेश प्रसाद शाह र धरानका प्रतिष्ठित व्यवसायी तथा समाजसेवी श्री सरोज श्रेष्ठलाई प्रतिष्ठानको सञ्चालक परिषद् सदस्यमा मनोनित गर्नुभएको छ ।







वहाँहरुको कार्यकाल मिति २०८२ पौष ८ गतेदेखि ४ वर्षका लागि हुनेछ ।



प्रतिष्ठानमा डीन (अनुसंधान) तथा सहायक डीन (अनुसंधान) को प्रावधान रहँदै आएको भएता पनि हालसम्म उक्त पद रिक्त रहँदै आएको



थियो । हाल आएर चिकित्सा अनुसन्धान गतिविधिलाई नियमित गर्दै अझ प्रभावकारी बनाउँदै लैजाने उद्देश्यका साथ उपकुलपतिज्यूले एनेस्थेसियोलोजी विभागका प्रा.डा. आशिष सुबेदीलाई डीन (अनुसंधान) मा नियुक्त गर्नुभएको छ भने अर्थोडोन्टिक्स विभागका एसोसिएट प्रोफेसर डा. जमल गिरीलाई सहायक डीन (अनुसंधान) मा नियुक्त गर्नुभएको छ । वहाँहरुको कार्यकाल २०८२ पौष ९ गतेदेखि २ वर्षका लागि हुनेछ ।



प्रतिष्ठानको नियमावली २०५५ को नियम २०.४ को उपनियम (१) बमोजिम प्रतिष्ठानको सम्पूर्ण शैक्षिक कार्यक्रमहरु को परीक्षा सम्बन्धी कार्य सञ्चालन गर्ने गराउने गरी उपकुलपतिज्यूले प्याथोलोजी विभागकी प्रा.डा. अन्जु प्रधानलाई प्रतिष्ठानको डीन (परीक्षा) मा नियुक्त गर्नुभएको छ ।

वहाँको कार्यकाल २०८२ पौष १६ गतेदेखि ३ वर्षका लागि हुनेछ । वहाँले यस भन्दा पहिले प्रतिष्ठानको प्रवक्ताका साथै Health Profession Education Core Group (HPECG) को संयोजकको पनि जिम्मेवारी सम्हाली रहनु भएको

थियो । विभिन्न पदीय दायित्व एकैपटक वहन गर्दा डीन (परीक्षा) जस्तो संवेदनशिल पदको जिम्मेवारी वहन गर्न कठिनाई हुने अभिप्रायले वहाँले सो पदहरुबाट राजिनामा दिनुभएको थियो । यस अघि डीन (परीक्षा) को जिम्मेवारी प्रा.डा. कृष्णा पोखरेलले सम्हाल्दै आउनु भएको थियो ।



प्रतिष्ठानको प्रवक्तामा भने उपकुलपतिज्यूले एनाटोमी विभागका प्रा.डा. शमशेर श्रेष्ठलाई नियुक्त गर्नुभएको छ ।

वहाँको कार्यकाल मिति २०८२ पौष १६ गतेदेखि दुई वर्षका लागि हुनेछ । वहाँले प्रतिष्ठानको प्रमुख होस्टेल वार्डेनको समेत जिम्मेवारी सम्हाल्दै आउनु भएको छ ।



त्यसैगरी, शिक्षाध्यक्ष प्रा.डा. संजिव कुमार शर्माज्यूले प्योथोलोजी विभागकी प्रा.डा. परिचा उपाध्यायलाई Heath Profession Education Department को संयोजकमा नियुक्त गर्नुभएको छ ।

वहाँको कार्यकाल २०८२ पौष १७ गतेदेखि २ वर्षका लागि हुनेछ । वहाँले प्रतिष्ठानको Journal of BPKIHS (JBPKIHS) को Editor in Chief को समेत जिम्मेवारी सम्हाल्दै आउनु भएको छ ।

## प्रतिष्ठानको MSS Score मा बढोत्तरी



नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले हरेक वर्ष देशभरिको सबै स्वास्थ्य संस्थाहरुमा गई Minimum Service Standard (MSS) मापन गर्ने गरेको छ जसले विशेषगरी अस्पताल सेवालाई अझ बढी गुणस्तरिय बनाउन दिशानिर्देश गर्दछ ।

मन्त्रालयबाट खटाइएको टोलीले कुनैपनि स्वास्थ्य संस्थाको MSS मापन गर्दा त्यस स्वास्थ्य संस्थाको स्थलगत निरिक्षण गरी Governance & Management, Clinical Service Management र Support Service Management गरी ३ खण्डहरुमा मुल्यांकन गर्ने गर्दछ । Governance & Management तर्फको मूल्यांकन गर्दा १०९ मानक अंक राखी मापन गर्ने गरिन्छ भने Clinical Service Management तर्फको मूल्यांकन गर्दा ९०९ मानक अंक राखी मापन गर्ने गरिन्छ । त्यसैगरी, Hospital Support Service Management तर्फको मूल्यांकन गर्दा १४७ मानक अंक राखी मापन गर्ने गरिन्छ ।

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट MSS मापनका लागि खटिइ आउनु भएको ८ सदस्यीय टोलीमा डा. चुमन लाल दास, डा. फणिन्द्र प्रसाद बराल, श्री उषा तण्डुकार, श्री प्रिया थापा, डा. गौरब साह, डा. सन्तोष देव, श्री निलम कुमारी सिंह र श्री नीरु महतो रहनु भएको थियो । उक्त टोलीले ३ दिनको निरिक्षण पश्चात् मापन गरेको प्रतिष्ठानको MSS मिति २०८२ पौष २५ गते प्रतिष्ठानको अडिटोरियममा प्रस्तुतिकरणका माध्यमबाट सार्वजनिक गरेको थियो । उक्त कार्यक्रममा मन्त्रालयको MSS टोली तथा प्रतिष्ठानका तर्फबाट उपकुलपति प्रा.डा. बिक्रम प्रसाद श्रेष्ठज्यू, शिक्षाध्यक्ष प्रा.डा. संजिव कुमार शर्माज्यू, रजिष्ट्रार प्रा.डा. सूर्य प्रसाद संग्रौलाज्यू, डेपुटी अस्पताल निर्देशक डा. इन्द्र लिम्बू, लगायत स्कूल/कलेजका चिफहरु, विभागीय प्रमुखहरु, महाशाखा/शाखा प्रमखुहरु, मेट्रोन श्री कला थापा, डेपुटी मेट्रोन श्री विष्णुमाया तामाङ्ग, वार्ड इन्चार्जहरु, शिक्षक, चिकित्सक तथा कर्मचारीहरुको उल्लेख्य उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन सिनियर नर्सिङ्ग अफिसर जमुना देवी भुर्तेलले गर्नुभएको थियो ।



उक्त प्रस्तुती कार्यक्रममा सर्वप्रथम प्रतिष्ठानका अस्पताल प्रशासन महाशाखाका डेपुटी मेनेजर श्री अशोक शाहले आफ्नो प्रस्तुती दिनुभएको थियो । वहाँले प्रतिष्ठानले भोग्दै आएका विभिन्न समस्या तथा चुनौतीहरुका वाबजुद प्रतिष्ठानले हासिल गरेका उपलब्धीहरु बारे प्रकाश पार्नुभएको थियो । तत्पश्चात् मन्त्रालयको टोलीका तर्फबाट डा. चुमन लाल दासले प्रतिष्ठानले प्राप्त गरेको MSS Score सम्बन्धी प्रस्तुती दिनुभएको थियो जस अनुसार प्रतिष्ठानले ७८% MSS Score प्राप्त गरेको जानकारी दिनु भयो । प्रतिष्ठानको MSS Score सन् २०२२ मा ५३%, सन् २०२३ मा ६६%, सन् २०२५ मा ७५% थियो भने २०२६ मा ७८% प्राप्त गरेको परिप्रेक्षमा प्रतिष्ठानले दिँदै आएको स्वास्थ्य सेवामा क्रमश: स्तरोन्नती हुँदै गएको स्पष्ट देखिएकोले प्रतिष्ठान परिवारलाई बधाई तथा धन्यवाद दिनुभयो भने सुधार गर्न सकिने विषयहरुका बारेमा पनि औंल्याउनु भयो । सन् २०२६ मा प्रतिष्ठानले Governance and Management मा

८८% अंक, Clinical Management मा ७५% अंक र Hospital Support Service Management मा ७५% अंक गरी कुल Minimum Service Standard (MSS) Score ७८% प्राप्त गरेको पनि वहाँले जानकारी दिनु भयो ।

डा. दासको उक्त प्रस्तुती पश्चात् उपकुलपतिज्यूले आफ्नो मन्तव्य राख्दै यस्तो प्रकारको कार्यक्रमले प्रतिष्ठानलाई अझ बढी उर्जा प्रदान गर्ने बताउनु भएको थियो । वहाँले मन्त्रालयको टोलीलाई विशेष धन्यवाद दिँदै प्रतिष्ठानका चिकित्सक तथा कर्मचारीहरुलाई MSS Score क्रमश: बढ्दै गएकोमा बधाई तथा धन्यवाद दिनुभएको थियो ।

कार्यक्रमको समापन अस्पताल प्रशासन महाशाखाका डेपुटी मेनेजर श्री अशोक शाहले उपस्थित सम्पूर्णलाई धन्यवाद दिँदै गर्नुभएको थियो ।

## प्रतिष्ठानको 29th Annual Scientific Programme (ASP) - 2025 सम्पन्न




प्रतिष्ठानमा विगतका वर्षहरुमा झैं यस वर्ष पनि Annual Scientific Programme (ASP) को आयोजना भई सफलतापुर्वक सम्पन्न भएको छ । प्रतिष्ठानका शिक्षक/ चिकित्सक तथा विद्यार्थीहरुले गर्नुभएका वैज्ञानिक अनुसन्धान कार्यहरु सबै माझ प्रस्तुत होस् भन्ने उद्देश्यले प्रतिष्ठानको वार्षिकोत्सवको अवसर पारेर उक्त कार्यक्रमको आयोजना गरिने गरिएको भएता पनि यस वर्ष भने जेन-जेड आन्दोलनका कारण कार्यक्रम स्थगित भई नियमित समय भन्दा केहि महिना ढिलो गरेर सम्पन्न भएको हो । प्रतिष्ठानका प्राध्यापक तथा बायोकेमिष्ट्री विभागका प्रमुख प्रा.डा. माधव लम्सालको संयोजकत्वमा मंसिर १० गते देखि १२ गते सम्म तद्नुसार नोभेम्बर २६ देखि २८ सम्म विभिन्न कार्यक्रमहरु गर्दै सम्पन्न उक्त 29th Annual Scientific Programme (ASP) - 2025 को यस वर्षको नारा "अनुसन्धान मार्फत शिक्षा र स्वास्थ्यमा रुपान्तरण (Translating Education and Healthcare Through Research) " रहेको थियो ।



कार्यक्रमको समुद्घाटन प्रतिष्ठानको अडिटोरियममा कार्यक्रमका प्रमुख अतिथि तथा प्रतिष्ठानका उपकुलपति प्रा.डा. बिक्रम प्रसाद श्रेष्ठज्यूले पानसमा बत्ती बालेर गर्नुभएको थियो । प्रतिष्ठानको अडिटोरियममा सम्पन्न उक्त उद्घाटन कार्यक्रमका अवसरमा स्विट्जरल्याण्डको जेनेभा यूनिभर्सिटी बाट पाल्नुभएका कार्यक्रमका प्रमुख वक्ता (Key note Speaker), प्रा. लौरेन्ट स्पारज्यू, प्रतिष्ठानका रजिष्ट्रार प्रा.डा. सूर्य प्रसाद संग्रौलाज्यू, अस्पताल निर्देशक डा. जगत नारायण प्रसादज्यू, डीन (परिक्षा) प्रा.डा. कृष्णा पोखरेल लगायत प्रतिष्ठानका स्कूल/कलेजका चिफहरु, विभागीय प्रमुखहरु, शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुको उल्लेख्य उपस्थिति रहेको थियो । प्रतिष्ठानका विद्यार्थीहरुले सरस्वती वन्दना, राष्ट्रिय गान एवम् प्रतिष्ठान गान गाएर कार्यक्रमको शुरुवात भए पश्चात् संयोजक प्रा.डा. लम्सालले स्वागत मन्तव्य दिनुभएको थियो भने पदाधिकारीज्यूहरुले कार्यक्रम सफलता सहितको मन्तव्य दिनुभएको थियो । कार्यक्रमका मुख्य वक्ता प्रा. स्पारज्यूले "Portal Vein Thrombosis" शिर्षकमा आफ्नो विशेष सम्भाषण दिनु भएको थियो । सो संभाषण पश्चात् वहाँलाई उपकुलपति प्रा.डा. श्रेष्ठज्यूले सम्मान स्वरुप Souvenir प्रदान गर्नुभएको थियो ।



कार्यक्रममा Abstract Book - 2025 लगायत प्रतिष्ठानको वार्षिक प्रतिवेदनको पुस्तक Annual Report 2024-2025 and Plan of Action 2025-2026 को अनावरण समेत गरिएको थियो । उक्त उद्घाटन कार्यक्रमको सञ्चालन बायोकेमिष्ट्री विभागको एसोसिएट प्रोफेसरद्वय डा. श्रृजना श्रेष्ठ तथा डा. विजया मिश्रले गर्नुभएको थियो ।

तीन दिन सम्म चलेको उक्त कार्यक्रमका लागि ११३ वटा Original Research तथा ५१ वटा Case Report गरी जम्मा १६४ वटा Abstract पेश भएको थियो । जसमध्ये ७४ जनाले Poster Presentation गर्नु भएको थियो भने ९० जनाले Oral Presentation गर्नु भएको थियो ।



Abstract पेश गर्नेहरुमा २६ जना शिक्षक/ लेक्चरर/ सिनियर रेसिडेन्ट एवम् १२५ जना स्नातकोत्तर र १३ जना स्नातकमा अध्ययनरत विद्यार्थीहरु रहनुभएको थियो । जसमध्ये Oral Presentation तर्फ UG Students समुहमा श्री उत्सव सिटौला प्रथम हुनुभएको थियो भने PG Students

समुहमा बायोकेमिष्ट्री विभागका डा. विशाल खत्री प्रथम हुनुभएको थियो ।

यसका साथै Poster Presentation तर्फ UG Students समुहमा श्री रोशन त्वानावसु प्रथम तथा PG Students समुहमा जेनेरल प्राक्टिस एण्ड इमर्जेन्सी मेडिसिन विभागका डा. निरज निरौला प्रथम हुनुभएको थियो । त्यसैगरी Case Report Presentation तर्फ अर्थोडोन्टिक्स विभागका डा. सुशान्त पाण्डे प्रथम हुनुभएको थियो । एसिस्टेन्ट प्रोफेसर/ सिनियर रेसिडेन्ट समुह तर्फ भने ओरल प्याथालोजी विभागकी डा. नितु जैन प्रथम हुनुभएको थियो ।



कार्यक्रम अन्तिम दिन प्रतिष्ठानको अडिटोरियममा आयोजना गरिएको समापन समारोहमा शिक्षाध्यक्ष प्रा.डा. संजिव कुमार शर्माज्यू, सहायक डीन (शैक्षिक) डा. विम्मी सिंह, सहायक डीन (परिक्षा) डा. धन केशर खड्का प्रथम स्थान प्राप्त गर्ने सम्पूर्ण विद्यार्थी तथा शिक्षकहरुलाई पुरस्कार वितरण गर्नुभएको थियो । उक्त समापन समारोहको प्रमुख अतीथि शिक्षाध्यक्ष प्रा.डा. शर्मा रहनु भएको थियो ।




उपस्थित सम्पूर्णलाई कार्यक्रम संयोजक प्रा. डा. माधव लम्सालले धन्यवाद मन्तव्य दिनुभएको थियो । उक्त समापन समारोहको संचालन प्याथोलोजी विभगाकी एसोसिएट प्रोफेसर डा. मोना दाहाल र बायोकेमिष्ट्री विभागकी एसोसिएट प्रोफेसर डा. पुनम झाले गर्नुभएको थियो ।



यसै कार्यक्रमको अवसर पारेर प्रतिष्ठानमा अध्ययन गरेका एम.बी.बी.एस. दोश्रो ब्याचका विद्यार्थीहरुको समुहले २०८२ मंसिर २६ गते प्रतिष्ठानलाई ९८ इन्चको एक थान Interactive Smart Board प्रदान गरेको छ । प्रतिष्ठानको अडिटोरियममा जडान गरिएको उक्त Flat Panel लाई Annual Scientific Program मा सम्पूर्ण महानुभावहरुको समुपस्थितिमा सो ब्याचका विद्यार्थीहरुको तर्फबाट आउनु भएका डा. नविन कर्ण, डा. सुनिल यादव तथा डा. संजीव ठाकुरले उपकुलपतिज्यूलाई ६ लाख ५० हजार मूल्यको उक्त Interactive Smart Board हस्तान्तरण गर्नुभएको हो ।

## प्रतिष्ठानमा Wheelchair Pool सञ्चालनमा ल्याइयो



प्रतिष्ठानमा उपचारका लागि आउने विरामीहरुको सुविधालाई ध्यानमा राखी Central Wheelchair and Trolley Pool मार्फत निःशुल्क Wheelchair तथा Trolley सेवा सञ्चालनमा ल्याइएको छ । सहयोगी तथा मनकारी दाताहरुको सहयोगमा प्रतिष्ठानको जीओपीडी भवन अगाडी निर्मित उक्त Pool को विधिवत उद्घाटन २०८२ मंसिर २८ गते आइतबारका दिन प्रतिष्ठानका उपकुलपति प्रा.डा. बिक्रम प्रसाद श्रेष्ठज्यूले एक कार्यक्रमका बिच रिबन काटेर गर्नुभयो ।

सहयोगी तथा मनकारी दाताहरुबाट प्रतिष्ठानमा प्राप्त १६ थान Wheelchair र १ थान Trolley मार्फत उक्त सेवा शुरु गरिएको छ । त्यसमध्ये १५ थान Wheelchair प्रतिष्ठानको हाडजोर्नी विभागका एडिसनल प्रोफेसर डा. विष्णु पोखरेलकी आमा श्रीमती सरिता पोखरेलज्यूले प्रदान गर्नुभएको हो भने १ थान Wheelchair छवी ट्रेड कन्सर्न, काठमाडौंका श्री अंकित गोयंकाज्यूले प्रदान गर्नुभएको हो । त्यसैगरी, १ थान Trolley प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा. संजिव कुमार शर्माज्यूले प्रदान गर्नुभएको हो ।



उक्त उद्घाटन कार्यक्रममा प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा. संजिव कुमार शर्माज्यू, रजिष्ट्रार प्रा.डा. सूर्य प्रसाद संग्रौलाज्यू, अस्पताल निर्देशक डा. जगत नारायण प्रसादज्यू, तत्कालिन प्रवक्ता प्रा.डा. अन्जु प्रधान, मेट्रान श्री कला थापा, Pool सञ्चालन समितिका सदस्यहरु लगायत महाशाखा/शाखा प्रमुखहरु, शिक्षक, चिकित्सक तथा कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

उद्घाटन कार्यक्रम पश्चात् उपकुलपतिज्यूले मनकारी दाताहरुलाई धन्यवाद दिनुका साथै उक्त Pool को सफल सञ्चालनका लागि त्यहाँ रहेको QR Code मार्फत वहाँले व्यक्तिगत

रुपमा रु.५०,०००/- (अक्षरेपी रु. पचास हजार मात्र) प्रतिष्ठानको खातामा जम्मा गरिदिइ सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो ।



प्रतिष्ठानलाई प्राप्त Wheelchair तथा Trolley भण्डारणका साथै Pool सञ्चालनका लागि धरान उपमहानगरपालिका वडा नं. १ निवासी समाजसेवी तथा व्यापारी श्री ललित अग्रवालज्यूले टहरा निर्माण गरि सहयोग गर्नुभएको थियो ।

प्रतिष्ठानका तर्फबाट भने Pool सञ्चालन गर्न आवश्यक जनशक्ति उपलब्ध गराउनुका साथै प्रतिष्ठानबाट जारी हुने प्रत्येक ओपीडी टिकटबाट पच्चिस पैसा Wheelchair, Trolley मर्मत सम्भारका लागि छुट्याउने व्यवस्था गरिएको छ ।

प्रतिष्ठानमा उपचारका लागि आउने विरामीहरुले Wheelchair वा Trolley प्रयोग गर्नु पर्दा उक्त Pool मा सम्पर्क राखी त्यहाँ खटिएका प्रतिष्ठानका कर्मचारीहरुलाई आफ्नो राष्ट्रिय परिचय खुलाउने किसिमको परिचयपत्र धरौटी राखी निःशुल्क रुपमा Wheelchair वा Trolley प्रयोग गर्न सक्नुहुनेछ । विरामीको ओपीडी कार्डका आधारमा त्यहाँ रहेका कर्मचारीले शर्तनामा सहितको फारम भरिदिए पश्चात् विरामी अथवा विरामी कुरुवालाई आवश्यकता अनुसार Wheelchair वा Trolley उपलब्ध गराइने छ ।

Central Wheelchair तथा Trolley Pool सञ्चालनका लागि प्रतिष्ठानले एनेस्थसिया विभागका प्रा.डा. आशिष घिमिरेको संयोजकत्वमा १२ सदस्यीय Central Wheelchair तथा Trolley Pool सञ्चालक समिति गठन गरेको छ । समितिको प्रभावकारी कार्यान्वयनका लागि प्रतिष्ठानका चिकित्सक र कर्मचारी बाहेक प्रतिष्ठान बाहिरबाट सदस्यको रुपमा सुनसरी उद्योग वाणिज्य संघका कोषाध्यक्ष श्री शैलेश कुमार आचार्यज्यूलाई समेत समितिमा समावेश गरिएको छ ।



विरामीहरुलाई सेवा पुऱ्याउने यस सत्कार्यका लागि यदि कुनै मनकारी दातालाई नयाँ वा प्रयोग भईसकेका (तर राम्रो अवस्थामा रहेका) Wheelchair वा Trolley प्रदान गर्न वा आर्थिक सहयोग गर्न इच्छा लागेमा Central Wheelchair तथा Trolley Pool सञ्चालक समितिका सचिव तथा प्रतिष्ठानको अस्पताल प्रशासन महाशाखाका हाउस किपिङ्ग अफिसर श्री मनोज कुमार यादव (सम्पर्क नं. ९८६२२८४८०८) लाई सम्पर्क राख्न सक्नुहुनेछ ।

## नसर्ने रोग व्यवस्थापन सम्बन्धी पुस्तिका तथा सामग्रीहरूको परामर्श कार्यशाला गोष्ठी सम्पन्न

प्रतिष्ठानको के.एच.डी.सी. कार्यक्रम (KHDC Project) को आयोजना तथा एपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (EDCD), जेनेभा युनिभर्सिटी हस्पिटल (HUG) र के.एच.डि.सी., नेपालको सहकार्यमा २०८२ मंसिर १९ गते काठमाडौंमा प्राथमिक तहमा नसर्ने रोग व्यवस्थापन सम्बन्धी एकदिने कार्यशाला गोष्ठी सम्पन्न भएको छ ।

प्रतिष्ठानका उपकुलपति प्रा.डा. बिक्रम प्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा सम्पन्न उक्त गोष्ठीमा प्रतिष्ठानका शिक्षाध्यक्ष तथा के.एच.डी.सी. कार्यक्रमका संस्थापक प्रा.डा. संजिव कुमार शर्माज्यू, कोशी प्रदेशका स्वास्थ्य सचिव श्री यदुचन्द्र घिमिरेज्यू, सम्बन्धित पालिकाका सरोकारवाला, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रतिनिधि, WHO प्रतिनिधि तथा सम्बन्धित विषय विज्ञहरूको सहभागिता रहेको थियो ।



प्राथमिक तहका स्वास्थ्यकर्मीका लागि विकास गरिएको नसर्ने रोग व्यवस्थापन पुस्तिका तथा सामग्रीहरूमा विज्ञहरूको परामर्श र विचार संकलन गर्ने, इस्केमिक हृदय रोग (Ischaemic Heart Disease), हृदय विफलता (Heart Failure) तथा दीर्घकालिन मृगौला रोग (Chronic Kidney Disease) व्यवस्थापन सम्बन्धि तालिम तथा सामग्रीको प्राथमिक तहमा आवश्यकता बारे छलफल गर्ने लगायतका उद्देश्यका साथ उक्त गोष्ठीको आयोजना गरिएको थियो ।

संकलित सुझावका आधारमा नसर्ने रोग व्यवस्थापन सम्बन्धी पुस्तिका तथा सामग्रीहरूलाई अध्यावधिक र परिमार्जन गरी प्राथमिक तहका स्वास्थ्यकर्मीहरुका लागि थप उपयोगी र व्यवहारिक बनाइनेछ । यसले समुदायमा लुकेका नसर्ने रोगीहरूलाई उपचारको दायरामा ल्याउन, रोगसँग सम्बन्धित जटिलता न्यून गर्न तथा अकाल मृत्यु रोकथाममा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएकोछ । नेपालमा उपलब्ध तथ्याङ्क अनुसार दुई-तिहाइ भन्दा बढी मृत्यु नसर्ने रोगकै कारण हुने गरेको पाइनुका

साथै गोष्ठीको निष्कर्स समेत नसर्ने रोगले नेपालमा कुल मृत्युको ७१% हिस्सा ओगटेको र ती मध्ये २०% को अल्पायुमै मृत्यु हुने रहेको छ ।

उक्त कार्यशालामा प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा. संजीव कुमार शर्माज्यूले नसर्ने रोगहरु शुरुमै लक्षण नदेखाउने तर भित्रभित्रै अङ्गहरुमा असर गरी एक्कासी मृत्यु हुने कारणले गर्दा यी रोगहरुको उचित व्यवस्थापनमा ध्यान दिनुपर्ने बारे आफ्नो विचार राख्नुभयो । हरेक नागरिकलाई समुदायमै सहभागी बनाएर नसर्ने रोगबारे सचेतना जगाउन सके नसर्ने रोगलाई नियन्त्रणमा राख्न सकिने प्रा.डा. शर्माज्यूको सुझाव रहेको थियो । साथै, आ-आफ्नो ढङ्गले नसर्ने रोगको कार्यक्रम सञ्चालन गर्नुपर्ने साथै नेपाल सरकारको स्थानिय तहको जिम्मेवारी हुनेगरी सहयोग र मापदण्ड हुनुपर्ने धारणा समेत राख्नु भयो ।




के.एच.डी.सी. कार्यक्रम प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा. शर्माज्यूको नेतृत्वमा सन् २००३ देखि सञ्चालित समुदाय केन्द्रित कार्यक्रम हो । प्राथमिक स्तर मै नसर्ने रोग तथा तीनका जटिलता पत्ता लगाई व्यवस्थापन गर्ने, प्राथमिक तहमा स्वास्थ्यकर्मीहरुलाई नसर्ने रोग व्यवस्थापन सम्बन्धि तालिम प्रदान गर्ने, महिला स्वास्थ्य स्वयं सेविका मार्फत समुदायमा आधारभूत सचेतना, पहिचान, आवश्यक रिफरल तथा डिफल्ट र पहिचान र फलोअप गर्ने, समुदायमा नसर्ने रोग सम्बन्धी जनचेतना अभिवृद्धि गरी, सेवा कसरी, कहाँ र कहिले लिनु पर्दछ भन्ने जानकारी उपलब्ध गराउने जस्ता उद्देश्यका साथ सञ्चालित उक्त कार्यक्रमले पूर्वी नेपालका समुदायमा दीर्घ मृगौला रोग, उच्च रक्तचाप, मधुमेह तथा मुटु-सम्बन्धी रोगहरू बारे जनचेतना, रोकथाम, शीघ्र पहिचान तथा व्यवस्थापन गर्ने कार्य गर्दै आएको छ ।

हाल के.एच.डी.सी. कार्यक्रम जेनेभा युनिभर्सिटी हस्पिटल र के.एच.डी.सी. नेपालको सहकार्यमा कोशी प्रदेशको फुङलिङ, मेची नगर तथा दमक नगर पालिकामा संचालन भइरहेको छ ।

अघिल्लो आर्थिक वर्ष २०८१/०८२ मा कार्यक्रमले १४,१४६ जना उच्च जोखिममा रहेका व्यक्तिहरूको स्वास्थ्य परीक्षण गरेको छ ।

## प्रा.डा. झाको विदाई कार्यक्रम सम्पन्न



प्रतिष्ठानको स्थापनाकाल देखि नै स्कूल अफ पब्लिक हेल्थ एण्ड कम्यूनिटी मेडिसिन विभागमा कार्यरत रहनुभएका वरिष्ठ प्राध्यापक डा. निलाम्बर झाको अनिवार्य अवकाश भई विदाई कार्यक्रम सम्पन्न भएको छ । वहाँ २०८२ मंसिर १ गते अनिवार्य अवकाश प्राप्त हुनुभई सोही दिन प्रतिष्ठानका तर्फबाट वहाँको विदाई कार्यक्रमको आयोजना गरिएको थियो ।

प्रतिष्ठानको अडिटोरियममा सम्पन्न उक्त विदाई कार्यक्रममा प्रतिष्ठानका उपकुलपति प्रा.डा. विक्रम प्रसाद श्रेष्ठज्यू, शिक्षाध्यक्ष प्रा.डा. संजिव कुमार शर्माज्यू, रजिष्ट्रार प्रा.डा. सूर्य प्रसाद संग्रौलाज्यू, अस्पताल निर्देशक डा. जगत नारायण प्रसादज्यू, डीन (शैक्षिक) प्रा.डा. शिवेन्द्र झा तथा प्रा.डा. की धर्मपत्नि श्रीमति कामिनी झाको विशेष उपस्थिति रहेको थियो भने कार्यक्रममा स्कूल/कलेज चिफ, विभागीय प्रमुख, महाशाखा/शाखा प्रमुख, शिक्षक, चिकित्सक, कर्मचारी तथा विद्यार्थीहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।

प्रा.डा. झालाई विदाई गर्नु अघि राखिएको मन्तव्य कार्यक्रममा सर्वप्रथम स्कूल अफ पब्लिक हेल्थका चिफ, प्रा.डा. अनुप घिमीरेले उपस्थित सम्पुर्णलाई स्वागत गर्दै प्रा.डा. झाको अभिभावकत्वले प्रतिष्ठान लगायत आफ्नो वृत्तिविकासमा ठूलो भूमिका खेलेको र सो अभिभावकत्व गुमाउँनु पर्दैगर्दा आफुलाई दुःख लागेको बताउनु भयो । तत्पश्चात् प्रा.डा. झाका छोरा डा. अनन्त पियुष झाले बोल्दै आफु बुवाको छत्रछायाँमा हुर्कदै गर्दाको सुखद अनुभूतिहरुका बारेमा अवगत गराउनु भएको थियो ।

कार्यक्रममा बोल्ने क्रममा पदाधिकारीज्यूहरुले प्रा.डा. झालाई कार्यकाल सफलता पूर्वक सम्पन्न गर्नूभएकोमा बधाई ज्ञापन गर्दै आगामी अवकाशप्राप्त जिवनका लागि शुभकामना दिनुभएको थियो ।



शुभकामना मन्तव्य दिने क्रममा सर्वप्रथम रजिष्ट्रारज्यूले प्रा.डा. झा अत्यन्तै उर्जाशिल व्यक्ति रहनुभएको र अवकाशप्राप्त जिवनमा सो उर्जालाई देश र समाजको हितमा खर्चन आग्रह गर्नुभयो । प्रा.डा. झा जस्तो उच्च बौद्धिकता भएको व्यक्तिको प्रतिष्ठानलाई सदैव खाँचो रहेको र भविष्यमा आवश्यकता परेमा प्रतिष्ठानले वहाँबाट बौद्धिक सहयोगको आशा गरेको बारे रजिष्ट्रारज्यूले अनुरोध गर्नुभयो ।

मन्तव्यको क्रममा शिक्षाध्यक्षज्यूले प्रा.डा. झा कम्यूनिटी मेडिसिन विषयमा स्नातकोत्तर गर्ने नेपालको पहिलो चिकित्सक हुनुभएको हुँदा वहाँलाई नेपालको "फादर अफ कम्यूनिटी मेडिसिन" को उपमा दिँदा फरक नपर्ने बताउनु भयो । शिक्षाध्यक्षज्यूले "अंग्रेजी शब्द Retire को अर्थ 'Re' 'Tire' भनेर

लगाउँदा राम्रो हुन्छ । सेवा दिँदा दिँदा जिवनको खिइएको Tire लाई अवकाश पश्चात् पुनः Tire लगाएर जिवनलाई उर्जाशील बनाइ राख्नु भन्न खोजिएको होला र झा सरले पनि अवकाशप्राप्त जिवनलाई त्यसरी नै उर्जाशील बनाइ राख्नुहुनेछ विश्वास लिएको छु ।" भन्दै प्रा.डा. झाको हौसला बढाउनु भएको थियो ।

तत्पश्चात् प्रा.डा. झालाई पदाधिकारीज्यूहरुले कदरपत्र तथा मायाको चिनो प्रदान गर्नुका साथै फुलको गुच्छा सहित खदा र अबिर लगाएर सम्मान तथा अभिनन्दन गर्नुभएको थियो । त्यसैगरी, त्यहाँ उपस्थित सम्पूर्णले पनि वहाँलाई फुलको गुच्छा, खदा र अबिरले सम्मान गर्नुभएको थियो ।

उक्त अभिनन्दन कार्यक्रम पश्चात् प्रा.डा. निलाम्बर झाले आफ्नो मन्तव्य राख्नु भएको थियो ।



बोल्ने क्रममा प्रतिष्ठानसँग अत्यन्तै लगाव रहेको बताउँदै निकै भावुक हुँदै वहाँले रुग्ण स्वरमा भन्नु भयो "आफ्नो ३२ वर्षे कार्यकालमा यस प्रतिष्ठानलाई मैले जे जती दिएको छु त्यो भन्दा बढी मैले पाएको छु" । प्रतिष्ठानको शुरुका दिनहरुमा आफु लगायत सहकर्मीहरुले गरेका संघर्षका दिनहरुको वहाँले अनुभवहरु सुनाउनु भयो । "कि मान्छे सफल हुन्छ, की मान्छे सन्तोष गर्छ, तर मैले यस प्रतिष्ठानबाट सफलता पनि पाए सन्तोष पनि पाए" भन्दै वहाँले प्रतिष्ठान प्रति आभार व्यक्त गर्नुभयो ।

तत्पश्चात् उपकुलपतिज्यूले प्रतिष्ठानबाट अनिवार्य अवकाश प्राप्त प्राध्यापकहरुलाई अडिटोरियमबाट विदाई दिने परिपाटीको प्रतिष्ठानले थालनी गरेको र यस क्रममा विदाई हुने पहिलो प्राध्यापक प्रा.डा. झा नै हुनुभएको हुँदा उक्त क्षण प्रतिष्ठानको इतिहासमा लेखिने बारे बताउनु भयो । उपकुलपतिज्यूले प्रा.डा. झाले प्रतिष्ठान प्रति गर्नुभएको योगदानको चर्चा गर्नु भयो । "झा सर अत्यन्तै असल, सरल र सहज मान्छे हुनुहुन्छ । प्रतिष्ठानलाई जब जब अप्ठेरो पर्‍यो व्यवस्थापनले वहाँलाई सम्झने गरेको थियो र वहाँले सहज रुपमा सहयोग गर्ने गर्नुभएको थियो ।" वहाँले जोड्नु भयो ।

अन्त्यमा, तत्कालिन डीन (शैक्षिक) प्रा.डा. झाले उपस्थित सम्पूर्णलाई धन्यवाद मन्तव्य दिँदै आफु अण्डरग्राजुएट देखि पोष्टग्राडुएटसम्म अध्ययन यसै प्रतिष्ठानबाट पुरा गरेको र झा सरहरु जस्तो समर्पित गुरुहरुका कारण यो प्रतिष्ठान आज Mother Institute कहलाउन लायक बनेको बारे बताउनु भयो ।

उक्त विदाई कार्यक्रमको सञ्चालन कम्यूनिटी मेडिसिन विभाग अन्तर्गत तेश्रो वर्षमा अध्ययनरत विद्यार्थी डा. विशाल गुरुङ्गले गर्नुभएको थियो ।



त्यसैगरी, सोही दिन वहाँलाई स्कूल अफ पब्लिक हेल्थ एण्ड कम्यूनिटी मेडिसिन विभागका तर्फबाट पनि फुल, खदा, अबिरले विदाई तथा अभिनन्दन गरिएको थियो । सो विदाई कार्यक्रममा स्कूल अफ पब्लिक हेल्थ एण्ड कम्यूनिटी मेडिसिन विभागका चिफ, शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुको सहभागिता रहेको थियो ।

मिति २०५० श्रावण ८ गते देखि करार सेवा अन्तर्गत जुनियर रेसिडेन्ट पदमा प्रतिष्ठानमा सेवा प्रवेश गर्नु भएको वहाँले प्राध्यापक (स्थायी) सम्म पदोन्नती तथा स्कूल अफ पब्लिक हेल्थ एण्ड कम्यूनिटी मेडिसिन विभागको चिफको पदभार सफलतापूर्वक वहन गर्दै गर्दा प्रतिष्ठानलाई ३२ वर्ष ३ महिना २४ दिन आफ्नो सेवा दिनुभएको थियो । वहाँको अवकाशप्राप्त जिवन सुखमय बितोस् भनि प्रतिष्ठान परिवार सदैव कामना गर्दछ ।

## प्रतिष्ठानको Annual Report 2024-2025 and Plan of Action 2025-2026 पुस्तकको अनावरण सम्पन्न



प्रतिष्ठान अन्तर्गतको सम्पुर्ण स्कूल/कलेज, विभाग, महाशाखा, शाखा, यूनिटहरुले वर्षभरी गरेको कार्यको वार्षिक प्रतिवेदनलाई समेटेर तयार गरिएको पुस्तक Annual Report 2024-2025 and Plan of Action 2025-2026 को प्रतिष्ठानको अडिटोरियममा एक कार्यक्रमका बिच अनावरण गरिएको छ । हरेक वर्ष भाद्र २४ का दिन पर्नजाने प्रतिष्ठानको वार्षिकोत्सवको अवसर पारेर उक्त पुस्तकको अनावरण गरिने भएको भएता पनि यस वर्ष भने जेन-जेड आन्दोलनका कारण वार्षिकोत्सवको सम्पूर्ण कार्यक्रम स्थगित हुँदा उक्त पुस्तक अनावरणमा केहि समय ढिलाई भएको हो ।

प्रतिष्ठानमा आयोजना भएको Annual Scientific Programme (ASP) – 2025 को उद्घाटन कार्यक्रमको अवसर पारेर उक्त पुस्तक अनावरण गरिएको हो । गत २०८२ मंसिर १० गते भएको ASP को उद्घाटन कार्यक्रममा डायसमा उपस्थित रहनु भएका प्रतिष्ठानका उपकुलपति प्रा.डा. बिक्रम प्रसाद श्रेष्ठज्यू, रजिष्ट्रार प्रा.डा. सूर्य प्रसाद संग्रौलाज्यू, अस्पताल निर्देशक डा. जगत नारायण प्रसादज्यू, डीन (परिक्षा) प्रा.डा. कृष्णा पोखरेल, ASP का संयोजक प्रा.डा. माधव लम्साल

तथा ASP का प्रमुख वक्ता (Key Note Speaker) जेनेभा यूनिभर्सिटी, स्विट्जरल्याण्डका Prof. Laurent Spahr ले उक्त पुस्तकको अनावरण गर्नुभएको थियो । उक्त पुस्तकको Editor-in-Chief तथा प्रतिष्ठानकी प्रवक्ता प्रा.डा. अन्जु प्रधान तथा Editorial Team का सदस्यहरुले अनावरणका लागि पुस्तकहरु डायसमा उपस्थित महानुभावहरुलाई हस्तान्तरण गर्नुभएको थियो ।

## अर्थोपेडिक्स विभागबाट समुहगत विशिष्ट सेवा प्रारम्भ

प्रतिष्ठानको अर्थोपेडिक्स विभागले विरामीहरुलाई प्रदान गर्दै आएको विभिन्न सेवाहरुलाई अझ परिस्कृत गर्दै लैजाने क्रममा समुहगत रुपमा सेवा प्रदान गर्न प्रारम्भ गरेको छ । यस क्रममा सेवाहरुलाई Spine, Sports Medicine and Joint Reconstruction तथा General and Complex Limb Reconstruction गरी तीनवटा यूनिटमा विभाजन गरी विभागले विशिष्टिकृत रुपमा सेवा प्रदान गर्न प्रारम्भ गरेको हो । प्रतिष्ठानमा विगत देखि नै उक्त विशिष्ट सेवाहरु दिइँदै आइएको भएता पनि यसरी यूनिट नै छुट्याएर सेवा दिँदा विरामीहरुलाई अझ बढी केन्द्रिकृत रुपमा सहज सेवा प्रदान गर्न सकिने विश्वास विभागको रहेको छ ।

उक्त सेवाहरु मध्ये Spine यूनिटले मेरुदण्ड सम्बन्धी समस्या भएका विरामीहरुलाई उपचार गर्ने गर्दछ । जस अन्तर्गत घाँटी तथा मेरुदण्डको हड्डी खिइएको, मेरुदण्डको हड्डी सरेको, ढाडको नशा चेपिएको जस्ता समस्याहरुको शल्यक्रिया तथा उपचार गर्ने गर्दछ ।

त्यसैगरी, Sports Medicine and Joint Reconstruction यूनिटले खेलकुदको समयमा हुनसक्ने मांशपेशी च्यातिने, जोर्नी तथा अन्य अङ्गहरुमा चोट लाग्ने, हड्डी भाँचिने आदि जस्ता समस्याको शल्यक्रिया तथा उपचार गर्नुका साथै घुँडा खिइएकाहरुलाई घुँडाको पाङ्गा फेर्ने, कम्मरको जोर्नी फेर्ने जस्ता शल्यक्रिया तथा उपचार गर्ने गर्दछ ।

त्यसका साथै, General and Complex Limb Reconstruction यूनिटले भने जन्मजात हात खुट्टा बाङ्गा टिङ्गा भएका, लडेर वा घटना-दुर्घटनामा परि हात खुट्टा भाँचिएर समयमा उपचार नपाई हात खुट्टा बाङ्गो टिङ्गो भएकाहरुको शल्यक्रिया तथा उपचार गरी हात खुट्टा सिधा बनाउने कार्य गर्दछ ।

हाल Spine यूनिट अन्तर्गत हरेक आइतबार र बुधबारका दिन प्रा.डा. गुरु प्रसाद खनाल, प्रा.डा. राजु रिजाल, डा. प्रमोद बराल तथा डा. दिपेन्द्र मिश्राले जेनेरल ओपीडीका साथै पेयिङ्ग सेवा दिनुहुने छ । त्यसैगरी, Sports Medicine and Joint Reconstruction अन्तर्गत हरेक सोमबार र बिहिबार प्रा.डा. राजिव महर्जन, डा. विष्णु पोखरेल, डा. अमित बिक्रम शाह तथा डा. आशिष कुमार पाण्डेले जेनेरल ओपीडीका साथै पेयिङ्ग सेवा दिनुहुने छ भने General and Complex Limb Reconstruction अन्तर्गत हरेक मंगलबार र शुक्रबार डा. अमित लिम्बू, डा. जितेन्द्र शाह तथा डा. याम बहादुर गुरुङ्गले जेनेरल ओपीडीका साथै पेयिङ्ग सेवा दिनुहुने छ ।

इमर्जेन्सी सेवाका सम्बन्धमा पनि त्यहाँ आउने मेरुदण्ड सम्बन्धी समस्या भई आएका बिरामीहरुलाई Spine यूनिट कै चिकित्सकहरुले सेवा दिनुहुने छ भने चोटपटक लागेर, हात खुट्टा भाँचिएर आएका बिरामीहरुलाई Sports Medicine and Joint Reconstruction यूनिटका चिकित्सकहरुले सेवा दिनुहुने छ ।

आगामी दिनमा हाडजोर्नी बिभागमा हड्डीको क्यान्सर सबन्धी शल्यक्रिया तथा उपचारका लागि Orthopaedics Oncology Unit, बच्चाहरुको हड्डीको उपचार सम्बन्धी Pediatric Orthopedic Unit र खुट्टा सम्बन्धी शल्यक्रिया तथा उपचारका लागि Foot and Ankle Surgery Unit जस्ता थप विशिष्टिकृत सेवाहरु विस्तार गर्ने विभागीय प्रमुख प्रा.डा. राजु रिजालको योजना रहेको छ । त्यसैगरी, हाल हाडजोर्नी विभाग अन्तर्गत सञ्चालनमा रहँदै आएको पूनर्स्थापना केन्द्रबाट दिँइदै आएका सेवाहरुलाई समेत अझ बढी परिस्कृत र विशिष्टिकृत गर्दै लगिने प्रा.डा. रिजालको योजना रहेको छ ।

## प्रतिष्ठानको आर्थिक प्रतिवेदन सार्वजनिक



गत अर्थिक वर्ष २०८१-८२ को तथा चालु आर्थिक वर्ष २०८२-०८३ को प्रतिष्ठानको आर्थिक प्रतिवेदन सार्वजानिक रुपमा प्रस्तुत गरिएको छ । प्रतिष्ठानको आयोजना तथा आर्थिक प्रशासन महाशाखाको तत्वावधानमा अडिटोरियममा प्रस्तुत गरिएको उक्त कार्यक्रममा प्रतिष्ठानका उपकुलपति प्रा.डा. बिक्रम प्रसाद श्रेष्ठज्यू, रजिष्ट्रार प्रा.डा. सूर्य प्रसाद संग्रौलाज्यू, अस्पताल निर्देशक डा. जगत नारायण प्रसादज्यू, डीन (शैक्षिक) प्रा.डा. शिवेन्द्र झा लगायत स्कूल/कलेजका चिफ, विभागीय प्रमुख, महाशाखा/शाखा प्रमुख, शिक्षक, चिकित्सक तथा कर्मचारीहरुको उल्लेख्य उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन आर्थिक प्रशासन महाशाखा प्रमुख तथा सुपरभाइजर श्री मोहन कुमार राईले गर्नुभएको थियो ।

कार्यक्रममा सर्वप्रथम उपस्थित पदाधिकारीज्यूहरुले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो । मन्तव्यको क्रममा अस्पताल निर्देशकज्यूले यस प्रकारको कार्यक्रमले पारदर्शिता देखिने र भविष्यमा अस्पताल तर्फको समेत प्रतिवेदन प्रस्तुत गर्ने इच्छा रहेको बारे बताउनुभयो ।

रजिष्ट्रारज्यूले प्रतिष्ठानको आर्थिक अवस्था कमजोर हुँदै गएको परिस्थितिमा यस प्रकारको कार्यक्रमले समस्या कहाँ भएको हो सो को जानकारी हुने र सबै मिलि समाधानको बाटो खोज्न सजिलो हुने बारे प्रष्ट पार्नुभयो ।

त्यसैगरी, उपकुलपतिज्यूले यस प्रकारको कार्यक्रम प्रतिष्ठानमा पहिलो पटक आयोजना भएको र भविष्यमा यसलाई निरन्तरता दिइने बारे अवगत गराउनु भयो । त्यसका साथै प्रतिष्ठानको आर्थिक गतिविधिका बारेमा यहाँ कार्यरत सम्पूर्ण शिक्षक, चिकित्सक, कर्मचारी तथा विद्यार्थीले थाहा पाउनु वहाँहरुको अधिकारको विषय भएकोले पारदर्शिताका लागि उक्त कार्यक्रमको आयोजना गरिएको बारे बताउनु भयो ।

अन्त्यमा, आर्थिक प्रशासन महाशाखा प्रमुख सुपरभाइजर श्री राईले प्रतिष्ठानको सम्पूर्ण आर्थिक गतिविधि सम्बन्धी प्रतिवेदनको प्रस्तुतीकरण दिनुभएको थियो ।

## ODOAN को १६औं अन्तर्राष्ट्रिय अर्थोडोन्टिक्स सम्मेलन सम्पन्न



प्रतिष्ठानको कलेज अफ डेन्टल सर्जरी अन्तर्गतको अर्थोडोन्टिक्स विभागको तत्वावधान तथा Orthodontics and Dentofacial Orthopaedic Association of Nepal (ODOAN) को आयोजनामा धरान उपमहानगरपालिका, वडा नं. १६ स्थित ह्वाइट एलिगेन्स होटलमा १६औं अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ । गत २०८२ कार्तिक २८ र २९ गते सम्पन्न उक्त सम्मेलनमा नेपाल भरिका विभिन्न स्वास्थ्य संस्थाबाट १ सय जना र भारतबाट ११ जना गरी जम्मा १ सय ११ जना अर्थोडोन्टिक्स विषेशज्ञहरुको सहभागीता रहेको थियो । सम्मेलनको उद्घाटन सत्रमा प्रतिष्ठानका उपकुलपति प्रा.डा बिक्रम प्रसाद श्रेष्ठज्यूको विशेष उपस्थिति रहेको थियो भने नेपाल मेडिकल काउन्सिलका सदस्य, प्रख्यात अर्थोडोन्टिस्ट डा. रवीन्द्रमान श्रेष्ठलाई सम्मान गरिएको थियो । वहाँलाई अर्थोडोन्टिक्स क्षेत्रमा विगत लामो समय देखि गर्दै आउनु भएको योगदान तथा अनुसन्धानमा समर्पित रहँदै आउनुभएकोमा ओडानले सम्मान प्रदान गरेको थियो ।

